**लोक सेवा आयोग**

**नेपाल वन सेवा, जनरल फरेष्ट्रिसमूह, श्रेणी विहिन, वन रक्षक र नेपालवन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**एवं परीक्षा योजना**

**पाठ्यक्रमको रुपरेखा**:– यस पाठ्यक्रमको आधारमानिम्नानुसार चरणमा परीक्षालिइने छ :

**प्रथम चरण** :– शारीरिक तन्दुरुस्ती परीक्षण पूर्णाङ्क :– ५०

**द्वितीयचरण** :– लिखित परीक्षा पूर्णाङ्क :– ३०

**तृतीयचरण** :– अन्तर्वार्ता पूर्णाङ्क :– २०

**परीक्षा योजना**(Examination Scheme)

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्याX अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | शारीरिक तन्दुरुस्ती परीक्षण | ५० | २५ | प्रयोगात्मक | | |
| द्वितीय | लिखितपरीक्षा | ३० | १२ | वस्तुगत बहुवैकल्पिक प्रश्न | ६० प्रश्न X ०.५अङ्क | ५० मिनेट |
| तृतीय | अन्तर्वार्ता | २० | - | मौखिक | | - |

**द्रष्टव्यः-**

१. **शारीरिक तन्दुरुस्ती परीक्षणको योजना**को बुँदा नं. (१) **शारीरिक परीक्षणमा** तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्न सक्ने व्यहोराको जानकारी दिई/खुलाई विज्ञापन सूचना प्रकाशित गरिनेछ।शारीरिक परीक्षणमा तोकिएको मापदण्डमा अन्यथा हुन गएमा उम्मेदवार स्वंय जवाफदेहि हुनुपर्नेछ ।

२. **प्रथम चरणको शारीरिक परीक्षणमा छनौट भएका उम्मेदवारहरुलाई मात्र तन्दुरुस्ती परीक्षामा भाग लिन पाउने छन ।** तन्दुरुस्ती परीषामा तोकिएका प्रत्येक इभेण्टहरुमा छनौट हुँदै गई सबै इभेण्टहरुमा सफल भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

६. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेदवार छनौटगर्दा प्रथम चरणको **तन्दुरुस्ती परीक्षाका** विभिन्न इभेण्टका परीक्षणमा छनौट भएका मध्येबाटप्रथम चरणको **तन्दुरुस्ती परीक्षामा प्राप्त अङ्क** र द्वितीय चरणको **लिखित परीक्षामा प्राप्त अङ्क**को कुल योगका आधारमा **लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने मापदण्ड अनुसार** नै उम्मेदवारको नाम समावेश गरिनेछ ।

**७. शारीरिक तन्दुरुस्ती परीक्षणसँग सम्बन्धित परीक्षा संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री साधन श्रोत उपलब्ध गराउने दायित्य माग गर्ने सम्बन्धित निकायमा रहनेछ ।**

**८. शारीरिक तन्दुरुस्ती परीक्षण साधन श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।**

९. प्रथम चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको अङ्क, द्वितीय चरणकोलिखित परीक्षाको अङ्क र अन्तर्वार्ताको अङ्कजोडी योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१०. पाठ्यक्रम लागू मिति :- **२०७३/१०/२४ देखि**

**लोक सेवा आयोग**

**नेपाल वन सेवा, जनरल फरेष्ट्रिसमूह, श्रेणी विहिन, वन रक्षक र नेपालवन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**प्रथमचरण :– शारीरिक तन्दुरुस्ती परीक्षणको योजना**

(क). **शारीरिक परीक्षण**

| **सि.नं.** | **बिबरण** | **पुरुष(न्यूनतम)** | **महिला(न्यूनतम)** |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २इन्च (५' २'') | ५फिट |
| २ | छाती | ३१-३३इन्च (३१''– ३३'') | × – × |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धि दोष नभएको | रंग पहिचान सम्बन्धि दोष नभएको |

(ख) . **तन्दुरुस्तीपरीक्षा**

| **सि नं.** | **परीक्षाकाइभेण्टहरु (Events)** | **पूर्णाङ्क** | **कैफियत** |
|---|---|---|---|
| १ | २०० मि.दौड | २० | यस परीक्षाका इभेण्टहरु शुरु गर्दा सि.नं. १ देखि क्रमश:४ सम्म गर्नु पर्ने छ । सि.नं. १ अर्थात अगाडिको इभेण्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागि हुन पाउने छैनन । |
| २ | ३००० मि. दौड | २० | |
| ३ | रुख चड्ने | ५ | |
| ४ | पौडि | ५ | |

**नोट :-<u>तन्दुरुस्ती परीक्षाको मूल्यांकनविधि</u>**

(१) **२०० मि. दौड**

| **पुरुष** | | **महिला** | |
|---|---|---|---|
| **बिबरण** | **अंक** | **बिबरण** | **अंक** |
| २८ सेकेन्ड सम्म | २० | ३४ सेकेन्ड सम्म | २० |
| २८.१ सेकेन्ड देखि ३२ सेकेन्ड सम्म | १५ | ३४.१ सेकेन्ड देखि ३८ सेकेन्ड सम्म | १५ |
| ३२.१ सेकेन्ड देखि ३६ सेकेन्ड सम्म | १० | ३८.१ सेकेन्ड देखि ४२ सेकेन्ड सम्म | १० |
| ३६.१ सेकेन्डवा सो भन्दा बढी | असफल | ४२.१ सेकेन्डवा सो भन्दा बढी | असफल |

(२) **३००० मि. दौड**

| **पुरुष** | | **महिला** | |
|---|---|---|---|
| **बिबरण** | **अंक** | **बिबरण** | **अंक** |
| १२ मिनेट सम्म | २० | १४ मिनेट सम्म | २० |
| १२.१मिनेट देखि १४ मिनेट सम्म | १५ | १४.१मिनेट देखि १६ मिनेट सम्म | १५ |
| १४.१मिनेट देखि १६ मिनेट सम्म | १० | १६.१मिनेट देखि १८ मिनेट सम्म | १० |
| १६.१मिनेट भन्दा बढी | असफल | १८.१मिनेट भन्दा बढी | असफल |

(३) **रुख चड्ने**

| **पुरुष** | | **महिला** | |
|---|---|---|---|
| **बिबरण** | **अंक** | **बिबरण** | **अंक** |
| ७मि.सम्म रुख चड्ने | ५ | ५ मि.सम्म रुख चड्ने | ५ |
| ७मि.सम्मरुख चड्न नसक्ने | असफल | ५मि.सम्मरुख चड्न नसक्ने | असफल |

(४) **पौडि खेल्ने (नदी /नाला, ताल)**

| **पुरुष** | | **महिला** | |
|---|---|---|---|
| **बिबरण** | **अंक** | **बिबरण** | **अंक** |
| ४.५ मि.सम्मदुरि पौडि खेलितर्ने | ५ | ३.५मि.सम्मदुरि पौडि खेलितर्ने | ५ |
| ४.५ मि.सम्मपौडि खेल्न नसक्ने | असफल | ३.५ मि.सम्मपौडि खेल्न नसक्ने | असफल |

**लोक सेवा आयोग**
**नेपाल वन सेवा, जनरल फरेष्ट्रिसमूह, श्रेणी विहिन, वन रक्षक र नेपालवन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**द्वितीय चरण:– लिखित परीक्षाको पाठ्यक्रम**
**(वन सेवा, जनरल फरेष्ट्रि समूह, श्रेणीविहिन,**
**वन रक्षक पदको लागि)**

**निम्नलिखित विषयहरुमा सामान्य जानकारी/ज्ञानः**

- वन/जंगल, वनस्पती लगायत वन्यजन्तुहरुको संरक्षण तथा वन अपराध नियन्त्रण
- वन क्षेत्रमा गस्ति गर्दा ध्यान दिनु पर्ने कुराहरु
- वन मापन सम्बन्धी
- वन पैदावर छपान, कटान, मुछान र घाटगद्दी
- टाचा र वन पैदावर ओसारपसार
- वन जन्य अपराध र यस सम्बन्धी लागू हुने ऐन र नियम
- हिरासतमा रहेका अभियुक्तहरुको बारेमा ध्यान दिनु पर्ने कुराहरु
- दुर्लभ तथा प्रतिबन्धित वनस्पती र वन्यजन्तुहरु
- माउ रुख पहिचान, विउ संकलन, विरुवा उत्पादन र वृक्षरोपण
- वनको किसिम र वन प्रजातिहरु सम्बन्धी
- वन संरक्षणमा देखिएका मुख्य समस्या/ चुनौतीहरु (वन डढेलो, अतिक्रमण र चरिचरण)
- वन्यजन्तुहरुको उद्धार र नियन्त्रण
- राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, संरक्षित वन र निजी वन विकास सम्बन्धी
- वन विकाससँग सम्बन्धी प्रचार प्रसारका सामग्री तथा यिनीहरुको उपयोगिता
- वन विभाग र अन्तर्गतका निकायहरुको सांगठनीक संरचना
- बिरुवा  तथा जडिवुटीको सामान्य परिचय र उपयोगिता
- वन ऐन, २०४९ र वन नियमावली, २०५० को सामान्य जानकारी

---

**लोक सेवा आयोग**

**नेपाल वन सेवा, जनरल फरेष्ट्रिसमूह, श्रेणी विहिन, वन रक्षक र नेपालवन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**(वन सेवा, जनरल फरेष्ट्रि समूह, श्रेणीविहिन, वन रक्षक पदको लागि)**

**नमूनाप्रश्नहरु**

1. नेपाल राज्यभर कति वटा जिल्लावनकार्यालयहरु छन् ?

   A) 70 B) 74 C) 75 D) 72

2. वन रक्षकले गर्नुपर्ने मुख्यकार्यहरु के के हुन् ?

   A) वनजंगलको नियमित गस्ती गरी चोरी निकासी नियन्त्रण गर्ने
   B) सामुदायिकवनको योजनाबनाउने
   C) जिल्लावनकार्यालयको रेखदेख गर्ने
   D) जिल्लावनअधिकृतको सुरक्षागर्ने

3. क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज कुनहो ?

   A) बर्दिया B) शेफोक्शुण्डो C) सगरमाथा D) चितवन

4. सामुदायिकवनमागर्न नहुने कार्यहरु के के हुन् ?
   A) विना ईजाजत घर टहरा बनाउन
   B) जग्गाधितो बन्धकी राख्न
   C) ढुंगा, माटो, बालुवा संकलनगर्न
   D) माथिका सबै

5. वन क्षेत्रमा गस्ती गर्दा ध्यानदिनु पर्ने कुराहरु के के हुन् ?
   A) गस्तीको समयमा अपराधीहरुबाट बच्न एक आपसमा कोड भाषाप्रयोग गरी ठुलो स्वरमा बोल्दै हिड्नुपर्छ
   B) जाडोको मौसममा रात्रीको समयमा गस्ती गर्दा सुरक्षाको लागि जंगलमा आगो बालेर बस्नुपर्छ
   C) गस्ती गर्दा जुत्ता लगाउनु नै पर्ने हुँदैन
   D) माथिका कुनै पनि होईनन्

6. बाघको बच्चालाई के भनिन्छ ?

   A) छावा B) पाडा C) केटो D) डमरु

7. जंगल गस्ती गर्दा सामान्य घाईते जनावर भेटिएमा के गर्नुपर्छ ?
   A) प्रहरीलाई खबर गरी जिम्मा लगाउनुपर्छ
   B) नजिकको रेन्जपोष्ट वाजिल्लावनकार्यालयमाल्याई सामान्यउपचारबाट ठिक भएमावासस्थान सुहाउँदो जंगलमा छाड्नु पर्छ
   C) चिडियाखानामा पुऱ्याउनु पर्छ
   D) माथिका सबै

**लोक सेवा आयोग**

**नेपाल वन सेवा, जनरल फरेष्ट्रिसमूह, श्रेणी विहिन, वन रक्षक र नेपालवन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**द्वितीय चरणः–लिखित परीक्षाको पाठ्यक्रम**
**(वन सेवा, नेशनलपार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेमस्काउटपदको लागि)**

**निम्न लिखित विषयहरुमा सामान्य जानकारी/ज्ञानः**

- निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ती क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पती, पंक्षि, सिमसार/जलाधार लगायत भौगोलिक क्षेत्र र वन/जंगलको गस्ती, वन/जंगल, वनस्पती लगायत वन्यजन्तुहरुको रेखदेख तथा चोरी शिकारी नियन्त्रण सम्वन्धी ज्ञान ।
- नेपालमा चोरी शिकारका समस्या र नियन्त्रण कार्य, अवैध वन्यजन्तुको व्यापार, सुराकी सञ्जाल, सुराक संकलन गर्ने, अपराधीहरु पक्राउ गर्ने र मुद्दा सम्बन्धी कामको वारेमा ज्ञान ।
- गैंडा, बाघ, हात्ती, गिद्ध, घडियाल गोही, कस्तुरीमृग, हिउं चितुवा लगायतका दुर्लभ वन्यजन्तुहरुको पहिचान र वन्यजन्तुको अनुगमन सम्वन्धी ज्ञान ।
- टुहुरा, अपाङ्ग, अलपत्र परेका र समस्याग्रस्त वन्यजन्तुहरुकोउद्धार, पालनपोषण र नियन्त्रण सम्बन्धी ज्ञान ।
- ह्रिसक वन्यजन्तुहरुबाट बच्ने उपाय र वन्यजन्तु अवलोकन गर्दा अप्नाउनुपर्ने सावधानीका पक्षहरु ।
- वन्यजन्तु प्रजन्न केन्द्र (हात्ती, गोही, गिद्ध, आदि) सम्बन्धी ज्ञान ।
- संरक्षित क्षेत्रहरुमा निषेधित कार्यहरुतथा संचालनहुने र उपलब्ध सेवा सुविधाहरुको बारेमा जानकारी ।
- रातको समयमा चोरी शिकारी पक्राउ गर्ने, आवश्यक कागजात तयार गर्ने, रात्री गस्ती, नदीबाट हुने गस्ती र उच्च पर्वतीय क्षेत्रमा गर्ने गस्ती सम्बन्धी ज्ञान ।
- निकुञ्ज/आरक्ष सुरक्षार्थ तैनाथ नेपाली सेनासंगको समन्वयको वारेमा जानकारी ।
- हिरासत व्यवस्थापनको वारेमा ध्यान दिनु पर्ने कुराहरुको जानकारी ।
- निकुञ्ज/आरक्ष/मध्यवर्ती क्षेत्रको जैविक विविधता संरक्षण र प्रभावकारी गस्ति संचालनको लागि हात्ती र हात्तीसारको कर्मचारीहरुको भूमिका र उनिहरुसँगको समन्वय सम्बन्धी ज्ञान ।
- मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समिति, समूह र यस क्षेत्रमा संचालन हुने सामुदायिक विकास, संरक्षण कार्य, आयमूलक गतिविधि, संरक्षण शिक्षा सम्बन्धमा जानकारी ।
- मध्यवर्ती क्षेत्रका वन (सामुदायिक, धार्मिक, निजीएवं कबुलियती) संरक्षण र व्यवस्थापन सम्बन्धी जानकारी ।
- पर्यापर्यटन व्यवस्थापन, प्रकृति पर्यटन र राजश्व संकलनमा संरक्षित क्षेत्रको भूमिका सम्बन्धी ज्ञान ।
- निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ती क्षेत्र, वनजंगल, सिमसार (सिमसार महासन्धि) सम्बन्धि ऐन, नियम र व्यवस्थापन ढांचा (मोडालिटी) लगायतका नीतिगत विषय सम्बन्धी ज्ञान ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र अन्तर्गतका नियमहरु सम्बन्धी ज्ञान ।
- वन्यजन्तुबाट हुने क्षतिको राहत सम्बन्धी ज्ञान ।

---

**(वन सेवा, नेशनलपार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेमस्काउट पदको लागि)**

**नमुनाप्रश्नहरु**

1. नेपालको सवैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज कुन हो ?
   A) लाङटाङ  B) सगरमाथा  C) ढोरपाटन  D) शे-फोक्सुण्डो

2. नेपालमा गिद्ध प्रजनन केन्द्र कहां छ ?
   A) सौराहामा  B)खोरसारमा  C) कसरामा  D)शिवपुरमा

3. जंगल गस्ती गर्दा मांसाहारी जनावरले मारेको शिकार भेटिएमा के गर्नुपर्छ ?
   A) तेत्तीकै छाड्नु पर्छ
   B) नजिकको पोष्टमा ल्याउनु पर्छ
   C) खाल्डो खनी पुरी दिनु पर्छ
   D) निकुञ्ज मुख्य कार्यालयमा सम्पर्क गरी निर्देशन भए अनुसार गर्नुपर्छ।

4. निकुञ्ज भित्र आगलागी भएमा के गर्ने?
   A)दमकल वोलाउने
   B)विपरित दिशाबाट आगो लगाई नियन्त्रण गर्न कोशीस गर्ने
   C)जिल्ला प्रहरी कार्यालयमा खवर गरी सहयोग माग्ने
   D)सम्वन्धित निकायमा खवर गर्ने

5. निकुञ्ज/आरक्षका जनावरबाट बाली नाली बचाउन के नगर्ने ?
   A)वन्यजन्तुले खाने वाली लगाउने
   B) वन्यजन्तुले नखाने वाली लगाउने
   C)काँडे तारवार लगाउने
   D) गहिरो खाल्डो खन्ने

6. तलको कुन जनावर हिमाली क्षेत्रमा पाइंदैन ?
   A)चित्तल  B)बंदेल  C) रतुवा  D)बांदर

7. नेपालमा कति कति वर्षमा बाघ गणना गरिन्छ ?
   A) १-१ वर्षमा  B) ३-३ वर्षमा  C) ५-५ वर्षमा  D)७-७वर्षमा

8. हाब्रेको मुख्य आहारा के हो ?
   A) घाँस  B) रुख विरुवाको पात  C) निगालोका पात  D) माथिका सवै